# घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np


प.सं.:- २०७८/०७९
च.नं.:- १०१५

मितिः- २०७८।०५।२२

विषय :- सरसफाई दिवस सम्वन्धमा ।

श्री वडा कार्यालय १ देखि १९ सबै

घोराही उपमहानगरपालिका, दाङ ।

२०७८ साल असोज महिनाको २ गते अर्थात सप्टेम्वर महिनाको तेस्रो शनिवार विश्व सरसफाई दिवस परेको हुदाँ घोराही उपमहानगरपालिका सरसफाई, वातावरण तथा विपद व्यवस्थापन शाखाको निर्णयानुसार टोलहरु स्वच्छ र सफा राखौं भन्ने मुल प्रवाहका साथ विश्व सरसफाई दिवस २०७८ सफल पार्नका लागि आ-आफ्नो वडामा रहेका टोल विकास संस्था, विद्यालय, वाल क्लव, युवा क्लव साथै सरोकारवाला निकायसंगको समन्वयमा विश्व सरसफाई दिवसको अवसरमा तपशिल बमोजिमका क्रियाकलाप गरी मनाउनको लागि अनुरोध छ ।

तपशिलः

१.फोहर, मोहरमा बदल्ने कार्यक्रम अन्तर्गत नगल्ने फोहर खरिदका लागि टोल विकास संस्थासंग अन्तरक्रिया अभिमुखिकरण गर्ने ।

२.गल्ने तथा नगल्ने फोहर घरमै छुट्याउने वानीको विकास गर्न टोल विकास संस्थालाई जागरुक गराउने ।

३.टोलमा रहेका सबै शौचालयको प्रयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने तथा सावुन पानीले हात धुने, घर, आगन, सडक, सार्वजनिक स्थल, धार्मिक स्थल, पर्यटकीय स्थल, सफा राख्ने जस्ता सरसफाईजन्य विभिन्न क्रियाकलाप गर्ने ।

४.पुर्ण सरसफाईयुक्त टोल, वडा हुँदै घोराही उपमहानगरपालिकालाई २०७८ फागुन मसान्तभित्र पुर्ण सरसफाई युक्त नगर घोषणा गर्नका लागि आवश्यक सुचक अनुसारका क्रियाकलाप गर्ने ।

५.नदीनाला, पानीका मुहान संरक्षण गर्ने, इनार, कुवामा आवश्यकता अनुसार पोटास, जिङक राखी फिल्टर तथा निर्मलीकरणयुक्त सुरक्षित पानी पिउने वानीको विकास गर्ने ।

ऋषिराम के.सी.
(प्रमुख प्रशासकीय अधिकृत)

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत